गैंडाकोट नगरपालिका

तेस्रो नगरपरिषद्

आ.ब.०७४/०७५ को लागि

नीति तथा कार्यक्रम र वजेट

गैंडाकोट नगरपालिकाको तेस्रो नगरपरिषदका श्रद्धेय प्रमुख अतिथि माननीय सभासद प्रा.डा.शशांक कोईरालाज्यू, विशिष्ठ अतिथि माननीय सभासद कृष्ण पौडेलज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, राजनीतिक दलका प्रमुख एबं प्रतिनिधिज्यूहरु, हामीले आमन्त्रण गरी यहा पाल्नु हुने सम्पूर्ण आमन्त्रित ब्यक्तित्वहरु, संचारकर्मी मित्रहरु एबं महिला तथा सज्जन बृन्द सम्पूर्णमा मेरो ब्यक्तिगत र नगरपालिकाको तर्फबाट हार्दिक स्वागत एबं नमस्कार गर्न चाहन्छु ।

गैंडाकोट नगरपालिका दक्षिण एसियाको प्रशिद्ध देबघाटक्षेत्रको परिषर र मौलाकालिका देवीको फेदीमा रहेको छ । कैलास सन्यास आश्रम, मुकुन्दसेन दरबार, पूर्व-पश्चिम राजमार्गको सिलन्यास चोक जस्ता ऐतिहासिक महत्वका स्थानहरु साथै पौराणिक महत्व रहेको पवित्र कृष्ण गण्डकीको संगम र नारायणी नदीको किनारामा अबस्थित रहेको यस नगरपालिकाको कुल क्षेत्रफलको ५१% प्रतिशत भूभाग बन क्षेत्रले ढाकेको छ । सबै जात-जातिको बसोबास रहेको यस नगरपालिका आर्थिक तथा सामाजिक दृष्टिले महत्वपूर्ण रहेको छ । यस सुन्दर नगरीको गरिमामय तेस्रो नगरपरिषदको यस शुभ दिनमा गैंडाकोट नगरपालिका र नगरपालिकाको चौतर्फी विकास र भविष्य जोडिएको छ । स्थानीय स्रोत र साधनको प्रयोग गरि नगरपालिकाको विकास र निर्माणको लागि नेपाल सरकारले दिएको निर्देशन अनुसार नगरपालिकामा क्रियाशिल राजनैतिक दलका प्रमुखहरुसंगको सहकार्य र समन्वय साथै विकासप्रेमी नगरवासीको प्रत्यक्ष सम्पर्क, सल्लाह र सुझावका आधारमा आगामी आर्थिक वर्ष ०७४/०७५ को नीति तथा कार्यक्रम र वजेट गरिमामय सभामा पेश गर्ने अवसर पाउदा म आफूलाई गौरवान्वित महशुस गरेको छु । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले ब्यबस्था गरे वमोजिम स्थानीय निकायमा सहभागितात्मक योजना तर्जुमा प्रकृया अबलम्बन गरिएको छ । नगरपालिकाको आन्तरिक स्रोत, नेपाल सरकारबाट नगरपालिकालाई प्राप्त हुने निःशर्त तथा सःशर्त अनुदान र अन्य अनुदानलाई आधारमानी नेपाल सरकारवाट आ.व. ०७४/०७५ को लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त बजेट सिलिङको आधारमा योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्थानीय स्वायत्त ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमाबली, २०५६, स्थानीय निकाय स्रोत परिचालन तथा ब्यबस्थापन कार्यविधि,२०६९ तथा प्रचलित ऐन, नियम तथा निर्देशिका र कार्यविधिको अधिनमा रही आगामी आ.ब.०७४/०७५ को अनुमानित बार्षिक नीति तथा कार्यक्रम र वजेट प्रस्ताबित गरिएको छ ।

**आ.ब.२०७४/०७५ को लागि बजेट तर्जुमा गर्दा लिइएका आधारहरु :-**

- नेपालको संबिधानले परिलक्षित गरेका अबधारणाहरु,
- चालु योजनाले निर्धारण गरेका अबधारणा तथा प्राथमिकताका आधारहरु,
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमाबली २०५६ का ब्यबस्थाहरु,
- स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि, २०६९
- नेपाल सरकार संघीय मामिला तथा स्थानीय बिकास मंन्त्रालयवाट समय समयमा प्राप्त निर्देशन तथा मार्गदर्शन
- माननीय सभासदज्यू, राजनैतिक दल, गैरसरकारी संघ संस्था, संञ्चारमाध्यम, नीजि क्षेत्र तथा नगरवासीबाट प्राप्त सल्लाह र सुझावहरु,
- जिल्ला बिकास समिति, नवलपरासीबाट प्राप्त नीति , निर्देशन तथा मार्गदर्शनहरु,
- वस्ती/वडाभेला, वडा नागरिक मञ्च, टोल विकास संस्था र वडा नागरिक मञ्चहरुमा समय समयमा सञ्चालित अन्तरर्क्रिया तथा गोष्ठीवाट प्राप्त सल्लाह र सुझावहरु हुदै सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकिकरण सहित प्राप्त योजना तथा विकास निर्माणका कार्यहरु

आ.व. ०७४/०७५ मा सम्मानित तेस्रो नगरपरिषद समक्ष प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम र वजेटका आधारभूत सोच निम्नानुसार रहेको जानकारी गराउदछु :

गैंडाकोट नगरपालिकाको बिकास र सो मार्फत नगरबासीको आर्थिक र सामाजिक विकास गर्न भौतिक पूर्वाधार तथा सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गर्दै विगत वर्षहरुमा भन्दा सिंचाई र भौतिक निर्माणमा भएको बृद्धिवाट नगरपालिकाको कृषि क्षेत्रमा र पूर्वाधार विकासमा वृद्धि हुने अपेक्षा गरिएको छ । विकासका स्रोत र साधनको न्यायपूर्ण वितरण, धार्मिक पर्यटन क्षेत्रको विकास र चालु आ.व. वाट

लागू गरिएको विश्वको बैज्ञानिक कर प्रणालीको रुपमा परिचित एकीकृत सम्पत्तिकरको कार्यान्वयनवाट नगरपालिकाको थप आन्तरिक स्रोत संकलन हुने अपेक्षा गरिएको छ । नगरपालिकामा यसै आ.व. वाट कर्मचारीको स्थायी पदपूर्ती भए पश्चात गैंडाकोट नगरपालिका र दुईवटा संयुक्त वडा कार्यालय (मुकुन्दपुर र अमरापुरी) मार्फत नगरवासीलाई प्रदान गरिने सेवा र सुविधा सजिलो हुने र प्रशासनिक क्षमतामा वृद्धि हुने साथै राजस्व परिचालनमा पनि थप वृद्धि हुने अपेक्षा गरेको छु ।

आ.व. ०७४/०७५ को नीति तथा वार्षिक कार्यक्रम र वजेटले लिएका प्राथमिकताहरु निम्नानुसार निर्धारण गरिएको छ :

- भौतिक पूर्वाधारको बिकास,
- स्वास्थ्य, शिक्षा, बाताबरण, बृक्षारोपण तथा सरसफाईमा लगानी गरी सामाजिक बिकास,
- लक्षित कार्यक्रमको माध्यमबाट लक्षित वर्गको सहभागितावाटनै सामूदायिक विकासमा सहयोग,
- धार्मिक सम्पदा, मठ मन्दिर तथा गुम्वाहरुको संरक्षण र सम्वर्धनका साथै विकास,
- मानब अधिकार, एकल महिला, जेष्ठ नागरिक र अपाङ्गता भएका ब्यक्तिहरुको संरक्षण, प्रोत्साहन, सम्मान र शसक्तिकरण,
- सार्बजनिक सेवा प्रबाहमा सुधार,
- सरकारी-सहकारी-स्थानीय निकाय र नीजि क्षेत्रको साझेदारी र सहकार्यवाट कृषि क्षेत्रको विकास,

अब म आ.व. ०७४/०७५ को नीति तथा कार्यक्रम र वजेटका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम निम्नानुसार रहेकोले प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क्षेत्रगत नीतिः**

गैंडाकोट नगरपालिकाको अग्रगामी बिकास निश्चित रणनीति, कार्यक्रम र प्रतिबद्धता सहितको सामूहिक सहकार्यबाट मात्रै सम्भब हुने भएकाले नगरको सन्तुलित र दिगो बिकासका लागि बिद्यमान स्रोत र साधनको उच्चतम उपयोग र परिचालन गरी बिकास निर्माण कार्यलाई नतिजामूलक बनाउन आगामी आ.ब.को लागि सम्पूर्ण नगरबासीको सल्लाह, सुझाब एबं एकिकृत योजना तर्जुमा गोष्ठिमा प्राप्त निर्देशन बमोजिम क्षेत्रगत नीतिहरु देहाय वमोजिम लिइएको छ :

**१.भौतिक पूर्बाधारः**

बिकेन्द्रिकरणको माध्यमवाट सबै नागरिकलाई बिकास र निर्माण कार्यमा सक्रिय सहभागिता गराउने नीति अनुरुप नगरपालिकाका सम्पूर्ण वडामा सडक विस्तार, कालोपत्रे एवम् स्तरोन्तीको लागि पहल गरिने नीति अनुरुप आगामी आ.व. ०७४/०७५ को लागि ठूला पूर्वाधारमा लगानी गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । यस्तै नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम अर्न्तगत लागत सहभागितामा आधारित पूर्वाधार निर्माण कार्यको सुरुवात गरिएको छ । टुक्रे योजनामा वजेट विनियोजन गर्ने विगत वर्षहरुको नीतिमा परिवर्तन गरी आगामी आ.व.मा कम्तिमा रु ५ लाख वढीका भौतिक पूर्वाधारहरुमा लगानी गरिने कार्यको प्रारम्भ गरिएको छ । समुदायमा आधारित विकासले मात्र दिगोरुप लिन सक्ने नीति अनुरुप लक्षित क्षेत्र साथै पूर्वाधार निर्माणमा उपभोक्ता समितिको सहभागितामा जोड दिइएको छ । नगरको कृषि क्षेत्रको विकासको लागि सिंचाईलाई पनि प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइएको छ ।

**२.खानेपानी तथा सरसफाईः**

नगरपालिकामा नगरवासीको अथक प्रयास र मेहनतवाट जनसहभागितामा सञ्चालित नेपालकै नमूनाको रुपमा रहेका खानेपानी संस्थाहरु, साना खानेपानी योजनाहरुको संचालन, संरक्षण र गुणस्तरीयतामा ध्यान राखी आगामी आ.व.मा पनि प्राथमिकता दिइएको छ । सञ्चालित खानेपानी संस्थाहरुको प्रवर्धन र विकासमा आवश्यक रकमको विनियोजन गर्नुका साथै निर्माणधिन विजयनगर खानेपानी तथा सरसफाई सह लगानी उपभोक्ता समितिको निर्माण कार्यको लागि थप रकम विनियोजन गरिएको छ ।

नगरपालिकामा संकलित फोहर ब्यवस्थापनको लागि प्रत्येक महिना फोहर संकलन तालिका सार्वजनिकरण गरि नगरपालिकाका वडा नं. १ देखि १३ सम्म नगरपालिकावाट र वडा नं. १४ देखि १७ सम्म स्थानीय ध्रुवतारा युवा समाजवाट फोहर ब्यवस्थापन गर्ने कार्य भएकोमा यसै आ.व.को आगामी महिनादेखी स्रोत केन्द्रमै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्ने कार्यको प्रारम्भ गरीने छ । यस कार्यको लागि राजनैतिक दल, प्रबुद्ध ब्यक्तित्व, सामाजिक परिचालक, टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र लगायत ब्यक्ति,

व्यक्तित्व र समूहको सहयोग एवम् समन्वयमा टोलमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । आगामी आ.व. भित्र **एक नगर एक उद्यान** कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ ।

सहरी आवागमनलाई सहजता प्रदान गर्न वाटो अवरोध हुने गरी २४ घण्टा भन्दा वढी निर्माण सामग्री राख्न नदिने र सोवाट उत्पादन हुने फोहर सम्वन्धित व्यक्ति वा निकायलाई हटाउन लगाइने छ । यस कार्यको लागि पनि माथी उल्लेख गरिए वमोजिमका निकायहरुको सहयोग र समन्वय गरी जनचेतनामूलक प्रचार प्रसार गरिने छ । नगरपालिकामा सञ्चालित सार्वजनिक शौचालयको सञ्चालनमा नगरपालिकाले शौचालय निर्माण गरेका संघ संस्था र निकायसंग सहकार्य गरी खुला दिशामुक्त नगरपालिकाको कार्यमा निरन्तरता प्रदान गरिने छ । यो कार्यका लागि नगरपालिकावाट थप रकम विनियोजन गरिएको छ ।

**३.बिपद व्यबस्थापन तथा संरक्षणः**

चालु आ.व. मा नगरपालिकामा विपद व्यवस्थापन तथा दैवी प्रकोप कोषको स्थापना गरिएकोले आगामी आ.व. मा सो कार्यलाई निरन्तरता दिईएको छ । प्रकोपवाट नगरवासीको सुरक्षाको लागि भूकम्प लगायतका पूर्व सचेतनामूलक कार्यक्रम संचालन गरिने नीति अनुरुप आगामी आ.व. मा भूकम्प प्रतिरोध गर्न सक्ने भवन निर्माणको लागि भवन निर्माणकर्ता र मिस्त्रीलाई तालिम कार्यक्रम सञ्चालन गरिने छ । वातावरणीय सन्तुलन कार्यक्रमवाट भूकम्प न्यूनिकरण गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

भूकम्प प्रतिरोधी बैकल्पिक निर्माण सामग्री प्रयोग गरी बाताबरणमैत्री घर लगायतका संरचना बनाउने कार्यलाई प्रोत्साहन स्वरुप नक्सा पास गर्ने नगरवासीलाई राजश्वमा ७५ प्रतिशत राजश्व छुट दिने नीतिलाई निरन्तरता दिइनेछ । यसवाट नगरक्षेत्रको वनजंगल जोगाउन सहयोग पुग्ने र विपदवाट नगरवासी सुरक्षित हुने अपेक्षा गरेको छु । गत आ.व. मा गैंडाकोट नगरपालिकाभित्र भूकम्प प्रतिरोधी भवनको निर्माण कार्य सम्पन्न भैसकेको हुँदा चालु आ.व.मा नगरपालिकाको वडा नं. ९ मा पनि यसै किसिमको एउटा वडा कार्यालय भवन निर्माण गरिनेछ । आगामी वर्ष पनि यस कार्यलाई निरन्तरता दिइनेछ ।

**४.बिद्युत तथा बैकल्पक उर्जाः**

चालु आ.व.मा नगरपालिकामा वैकल्पिक उर्जाको क्षेत्रमा नविन सोच तथा योजनाका साथ सञ्चालित समुदाय र संस्थालाई विशेष प्रोत्साहन गरिने नीति आगामी आ.व. मा पनि निरन्तरता दिइने छ ।

नगरपालिकाको पूर्वाधार विकास नभएका वडाका नगरवासीहरुलाई विजुलीको पोल र तार उपलब्ध गराउने कार्यलाई आगामी वर्ष निरन्तरता दिइनेछ जसवाट वस्ती भएका नगरवासीहरुले यसको अभावमा विद्युत सेवावाट वञ्चित हुनुपर्ने स्थितीको अन्त्यहुने अपेक्षा गरिएको छ । यस कार्यको लागि आगामी आ.व. को प्रवर्धनात्मक कार्यक्रम अन्तर्गत विद्युत तार र पोल खरिदमा आवश्यक रकम विनियोजन गरिएको छ । चालु आ.व.का. सडक सौर्यवत्ती वितरण कार्य आगामी वर्ष पनि नगरवासीको माग अनुरुप निरन्तरता दिइएको छ ।

**५ सूचना तथा संचारः**

नगरवासी तथा आम नागरिकलाई सूचनाको हकको पहुच सजिलै र समयमै पुर्याउन कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ । नगरपालिकाको सञ्चालनमा रहेको Website लाई थप व्यवस्थित गरिने छ । Internet र email गुणस्तरीय र व्यवस्थित वनाइने नीति अनुरुप नगरपालिकाका थप २ संयुक्त वडा कार्यालयमा पनि स्थानीय विजय एफ.एम., विजय खवर पत्रिका, संकेत एफ.एम., मुकुन्दसेन टेलिभिजन लगायतका सञ्चार माध्यमको सहकार्यमा नगरपालिकाका सबै गतिविधीहरु समेटी नगरपालिकाको विकास निर्माण, प्रशासनिक व्यवस्थापन, नगर वित्तचित्र निर्माण लगायत जानकारीमूलक कार्यक्रमलाई प्रकाशन र प्रशासरण गर्ने कार्यलाई चालु आ.व.मा प्राथमिकता दिइएको र आगामी वर्ष पनि निरन्तरता दिईने छ ।

**६.लैंगिक  समानता र सामाजिक समाबेशिकरणः**

**महिला तथा बालबालिकाः**

आगामी आ.व.मा नगरभित्र निर्णय प्रकृया र योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन प्रकृयामा महिला तथा बालबालिका र लक्षित वर्गलाई सुनिश्चित गर्दै लैंगिक बिभेदलाई न्यूनिकरण गर्ने नीति अबलम्बन गरिने छ । एकल महिला, द्वन्द पिडित महिला, असहाय, अपांग तथा न्यून आय भएका महिलाहरुको जीवनमा सुधार ल्याउन शीपलक र आयमूलक कार्यक्रम सञ्चालनमा निरन्तरता दिईनेछ । चालु आ.व. देखीनै वाल सञ्जालको क्षमता विकासमा विभिन्न कार्यक्रमहरु संचालनमा रहेका साथै आगामी आ.व.मा पनि ती कार्यक्रमहरुमा निरन्तरता दिइएको छ । वि.सं. २०७४ साल चैत्र मसान्तभित्र गैंडाकोट नगरपालिकालाई वालमैत्री नगरपालिका घोषण गर्ने लक्ष्यलाई पूर्णता

दिन आगामी आ.व.मा पनि वालवालिका तर्फ थप ५% रकम विनियोजनलाई निरन्तरता दिइएको छ, नगर वालउद्यान र खेलमैदान निर्माण, विद्यालयमा वालमैत्री संरचना निर्माण, वालमैत्री खेलकुद सामग्री तथा शैक्षिक सामग्री वितरण कार्यमा आगामी वर्ष रकम विनियोजन गरिएको छ। आगामी आ.व. मा महिला सञ्जालको भवन निर्माणको लागि पनि रकम विनियोजन गरिएको छ।

**दलित,आदिबासी र जनजातीः**

आगामी आ.व.मा दलित वर्गको समग्र उत्थान एवम् विकासको लागि शिपमूलक र व्यवसायिक कार्यक्रम सञ्चालनको लागि रकम विनियोजित गरिएको छ। नगरपालिकाका तीन स्थानमा दलित संस्थाको भवन निर्माण कार्यको लागि रकम विनियोजन गरिएको छ। छुवाछुत प्रथाको अन्त्यका लागि कार्यक्रम संञ्चालन गरिने छ।

नगरपालिकाभित्र वसोवास गरेका आदीवासी जनजातिहरुको पहिचान र संस्कृतिको विकासको लागि चालु आ.व.मा गैंडाकोट नगरपालिकाको एक उपयुक्त स्थानमा आदिवासी संग्रहालय निर्माणको लागि बजेट विनियोजन भैसकेको र आगामी वर्ष पनि यस कार्यको लागि थप वजेट विनियोजन गरी आदिवासी जनजाती संग्रहालय निर्माणको लागि प्राथमिकता दिईनेछ। यसवाट गैंडाकोट नगरपालिकाको थप पहिचान हुने विश्वास लिएको छु। नगरपालिकामा रहेका माझी, वोटे, थारु लगायतका पिछडावर्गको उत्थान र विकासका लागि पनि आगामी आ.व.मा कार्यक्रम सञ्चालन गरिने छ।

**जेष्ठ नागरिकः**

जीबनको सबै महत्वपूर्ण समय राष्ट्र निर्माणमा लगाएका हाम्रा अग्रजहरुको सम्मान गर्नु हामी सबैको दायित्व हो। त्यसैले जेष्ठ नागरिकहरुलाई सेवा र सुबिधायूक्त आश्रम स्थल निर्माण गरी भजन, कृतन, अध्ययन, प्रार्थना लगायत बिश्राम कक्ष निर्माणको लागि चालु आ.वमा. गैंडाकोट नगरपालिकाको वडा नं. १५ मा निर्माणधिन भवनमा स्थानीय युवा, नागरिक समाज लगायत विभिन्न संघ संस्था र नगरपालिकाको सहकार्यक्रममा निर्मित जेष्ठ नागरिक विश्राम घर तथा वाचनालयको निर्माण कार्यमा आगामी आ.व.मा थप रकम विनियोजन गरिएको छ।

नगरपालिकाभित्र रहेका मठ मन्दिर, गुम्बा लगायत जेष्ठ नागरिकको भेला र उपस्थिती हुने स्थानलाई थप सुविधा सम्पन्न र व्यवस्थित गरी हाम्रा अग्रजहरुको अवकाश पश्चातको दिनचर्यालाई सुखमय वनाउन वजेट विनियोजनमा प्राथमिकता दिएइको छ।

**अपांगताः**

आगामी आ.व.मा अपांगता भएका व्यक्तिहरुको लागि सशक्तिकरणको कार्यक्रम संचालनको लागि वजेट विनियोजन गरिएको छ। अपाङ्गको क्षमता विकास, छात्रवृत्ति वितरण सहयोगी सामग्रीको वितरण लगायतमा पनि रकम विनियोजन गरिएको छ। आगामी आ.व.मा गैंडाकोट नगरपालिकाका अपाङ्गहरुको परिचयपत्र वितरण कार्यलाई सरलीकरण गर्न महिला तथा वालवालिका कार्यालय, परासी र नगरपालिकाको संयुक्त आयोजनामा नगरपालिका कार्यालय र संयुक्त वडा कार्यालय २ गरी तीन स्थानमा अपाङ्ग घुम्ती परिचयपत्र वितरणको ब्यवस्था मिलाउन वजेट विनियोजन गरिएको छ। यसवाट अपाङ्गहरुलाई परासी धाउनु पर्ने अवस्थाको अन्त्य हुनेछ। नगरपालिकामा सञ्चालित प्रा.वि., नि.मा.वि. र मा.वि. विद्यालयहरुमा अपाङ्गमैत्री शौचालय निर्माण कार्यलाई निरन्तरता दिइएको छ। नगरपालिकाभित्र सञ्चालित एकमात्र अपाङ्गता भएका वालवालिकाको पठनपाठन गरिने नेपाल राष्ट्रिय शमसेर मा.वि. को क्षमता अभिवृद्धिको लागि आगामी वर्ष रकम विनियोजन गरिएको छ। अपाङ्गता भएका विद्यार्थीहरुलाई भरतपुरसम्म जान र आउनका लागि राष्ट्रिय सुस्त मनस्थिति संस्था, नारायणगढ ( यहाँवाट ९ जना अपाङ्गता भएका विद्यार्थीहरु नारायणगढमा हाल पढ्न जाने गरेका) संगको सहकार्यलाई निरन्तरता दिइनेछ।

**सामाजिक परिचालनः**

चालु आ.व.मा नगरपालिकाको १ देखी १६ वडासम्म वडा नागरिक मञ्च गठन भई सकेको र १७ नं. वडामा प्राविधिक कारणले गठन हुन नसकेको वडा नागरिक मञ्चलाई पूर्णता दिइनेछ। स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ वमोजिम आगामी आ.व.को लागि एकीकृत योजना तर्जुमा गर्दा वडा नागरिक मञ्चको प्रतिनिधित्व रहेको छ। आगामी आ.व.मा सामाजिक परिचालनको कार्यमा वडा नागरिक मञ्च, टोल विकास संस्था र नागरिक सचेतना केन्द्रको क्षमता अभिवृद्धि र काम कर्तव्य र अधिकारको वोध हुने किसिमको कार्यक्रम सञ्चालनको लागि रकम विनियोजन गरिएको छ। विपन्न नागरिकहरु रहेको वस्तीमा रहेका २ वटा नागरिक सचेतना केन्द्रका भवनमध्ये एउटाले पूर्णता पाउने र अर्कोको निर्माण अगाडी वढाइने छ साथै क्षमता अभिवृद्धिमा पनि रकम विनियोजन गरिएको छ। यसवाट वडा नागरिक मञ्च, टोल विकास संस्था र नागरिक सचेतना केन्द्रको आय आर्जन कार्य र क्षमता अभिवृद्धि हुने छ र नगरपालिकालाई सहकार्य गर्न सहयोग पनि पुग्ने अपेक्षा राखेको छु।

**गैह्र सरकारी संस्थासंग सहकार्य र समन्बयः**

गैंडाकोट नगरपालिकामा राष्ट्रिय स्तरमा पहिचान राख्न सफल गैर सरकारी सस्थाहरु (विजय विकास श्रोत केन्द्र, सहमति जस्ता संस्थाहरु) सञ्चालनमा रहेका छन् । नगरपालिकाको सामाजिक विकासमा नगरस्थित गैर सरकारी संस्थाको सहकार्य गर्ने वातावरण आगामी वर्ष मिलाईनेछ । यसवाट नगरपालिकाभित्र विषयगत कार्यालयमा गैरसरकारी संस्था र नगरपालिकाद्धारा सञ्चालित योजना तथा कार्यक्रममा समन्वय हुने, दोहारोपना हट्ने र सामाजिक परिचालनको क्षेत्र व्यवस्थित र प्रभावकारी हुने अपेक्षा गरेको छु । यस्तै गरी गैंडाकोटमा रहेका विभिन्न किसिमका व्यापार तथा व्यवसाय सञ्चालन गरेका व्यवसायीहरुको एकमात्र संस्था उद्योग वाणिज्य संघ, गैंडाकोटसंगको सहकार्यमा जोड दिईनेछ । यसको लागि उद्योग वाणिज्य संघ, गैंडाकोटको प्रवर्धन र व्यवस्थापनको लागि प्राथमिकता दिई आगामी वर्ष रकम विनियोजन गरिएको छ ।

**जनसंख्या ,मानब बिकास तथा सामाजिक सुरक्षा**

नगरपालिकाभित्रको मानब संशाधन बिकासलाई प्राथमिकता दिई व्यवसायी र प्रविधिमैत्री वनाउन नगरपालिकाका सवै कर्मचारी (प्रशासनिक र प्राविधिक) लाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्न आगामी वर्ष रकम विनियोजन गरिएको छ ।

सामाजिक सुरक्षाभत्ता वितरण कार्य चालु आ.व.को दोश्रो चौमासिकदेखि वाँकि रहेका वडाहरु (वडा नं. १० देखी १७ सम्म) का लागि दुईवटा संयुक्त वडा कार्यालयको समन्वयमा मुकुन्दपुरमा फेवा विकास वैंक, शाखा कार्यालय भेडावारी र अमरापुरीमा साङ्ग्रिला विकास वैंक, गैंडाकोट १६ नं. चोकवाट सञ्चालन हुनेछ । आगामी वर्ष यस कार्यलाई निरन्तरता दिईनेछ ।

आगामी वर्षदेखी आमा समूह र महिला समूहको क्षमता अभिवृद्धि कार्यक्रम तोकिएका समूह वाहेकका कार्यक्रमलाई महिला लक्षित कार्यक्रममा समावेश गरी सञ्चालन गरिने छ । नगरपालिकाभित्र सञ्चालनमा रहेका सरकारी विद्यालयको शैक्षिक स्तर उकास्ने उद्देश्य अनुरुप आर्थिक क्षमता कम भएका विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण, वातावरणमैत्री शौचालय निर्माण र वालमैत्री खानेपानी व्यवस्थापन जस्ता कार्यक्रमहरु संचालनको लागि आगामी वर्षको लागि रकम विनियोजन गरिएको छ । वि.सं. २०७४ साल चैत्र मसान्तभित्र वालमैत्री नगरपालिका घोषणा गर्ने नगरपालिकाको लक्ष्य अनुरुप विद्यालयहरुवाट चालु आ.व.का आगामी महिनादेखी नै यस कार्यक्रममा सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

गैंडाकोट नगरपालिकामा सञ्चालित गैंडाकोट स्वास्थ्य चौकी, पितौजीघाट स्वास्थ्य चौकी र अमरापुरीमा स्वास्थ्य चौकीहरु मध्ये गैंडाकोट स्वास्थ्य चौकीमा प्रयोगशाला सञ्चालन र प्रशुतिगृह निर्माण, पितौजीघाट स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालमा विकास गर्ने साथै अमरापुरी स्वास्थ्य चौकीको क्षमता अभिवृद्धि कार्यको लागि चालु आ.व.मा वजेट विनियोजन भैसकेको हुँदा आगामी वर्ष पनि प्राथमिकता प्रदान गरिएको छ । आगामी वर्षका स्वास्थ्य कार्यक्रमहरु स्वास्थ्य चौकीहरु मार्फत सञ्चालित हुनेछन् । यस्तै गरी गैंडाकोट नगरपालिकामा रहेको सहकारीद्धारा सञ्चालित एकमात्र सामुदायिक अस्पताल सहज सामुदायिक अस्पतालको प्रसुती सेवाको विस्तार र क्षमता अभिवृद्धिको लागि आगामी वर्ष पनि रकम विनियोजन गरिएको छ । यस कार्यवाट नगरवासीहरु थप स्वास्थ्य सेवा र सुविधा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवा र सहयोगको महत्वलाई मूल्यांकन गरी उनीहरुको क्षमता विकासमा पनि रकम विनियोजन गरिएको छ ।

गैंडाकोट नगरपालिकाभित्र सुरक्षा व्यवस्थापन कार्यलाई प्राथमिकता दिने उद्देश्य राखी आगामी आ.व.मा नगरपालिका परिसर साथै नगरपालिकाभित्रको मुख्य सडकहरुको उपयुक्त स्थानमा सि.सि. क्यामरा जडान गर्नका लागि आगामी वर्ष वजेट विनियोजन गरिएको छ । यस कार्यवाट गैंडाकोट नगरपालिकाभित्रको मुख्य सडकमा हुने दुर्घटनामा न्यूनीकरण हुने र सुरक्षा व्यवस्था थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

**बन,बाताबरण र पर्यटनः**

आगामि आ.व. मा नगरपालिकाभित्र रहेका १७ वटा सामुदायिक वनसंगको सहकार्यलाई प्राथमिकता दिईनेछ । यस कार्यवाट सामुदायिक वनवाट प्राप्त आम्दानी समुदायकै भौतिक निर्माण र सामुदायिक विकासमा खर्च गर्ने वातावरण मिलाई नगरभित्र सञ्चालित कार्यक्रमहरुमा समन्वय गरी दोहोरोपना हटाइने छ । सामुदायिक वनको सहकार्यमा सार्वजनिक शौचालयको संञ्चालन, व्यवस्थापन र थप निर्माण कार्यमा प्राथमिकता दिइने छ ।

बाताबरण संरक्षण ऐन, २०५३, नियमाबली, २०५४ तथा बाताबरणीय स्थानीय शासन प्रारुप, २०७० अनुसार आगामी वर्षपनि वातावरणमैत्री योजना तथा कार्यक्रममा नगरपालिकाले वजेट विनियोजन गरी सवै वडाहरुमा सञ्चालन गरिने छ । यसवाट नगरभित्र रहेका नदी, ताल,

तलैया र पोखरीको संरक्षण हुने वृक्षारोपण कार्य अगाडी वढ्ने, पार्क निर्माण हुने र **स्वच्छ सफा हराभरा गैंडाकोट नगरपालिका** वनाइने नीतिलाई निरन्तरता दिईनेछ ।

नगरपालिकाभित्र रहेको प्रसिद्ध मौलाकालिका मन्दिर, कैलाश सन्यास आश्रम लगायत विभिन्न मठ मन्दिर र वौद्ध गुम्वा लगायतका धार्मिक महत्व रहेका धरोहरको व्यवस्थापन र संरक्षणको लागि आगामी वर्ष पनि वजेट विनियोजन गरिएको छ । गैंडाकोट नगरपालिकाको **प्रवेशद्धार** चालु आ.व.मा निर्माण गर्न वजेट विनियोजन भएकोले आगामी वर्ष नगरको परिचय दिने यस प्रवेशद्धारको थप व्यवस्थापन गरिनेछ ।

गैंडाकोट नगरपालिकाभित्र खेलकुदको संचालन, विकास र विस्तारको लागि तीन स्थानमा आगामी आ.व. रकम विनियोजन गरिएको छ । नगरपालिकाको महत्व झल्कीने अन्तर्राष्ट्रिय स्तरको खेलग्राम निर्माण कार्यलाई प्राथमिकता दिने नीति अनुरुप आगामी वर्ष सरोकारवाला निकायसंग सहकार्य गरिने छ ।

**सहकारी,गरिबी निबारण तथा उद्यमशिलताः**

सहकारी ग्रामको रुपमा परिचित गैंडाकोट नगरपालिकामा रहेका सहकारीको क्षमता अभिवृद्धि र सहकारी मार्फत आर्थिक विकास गर्ने कार्यलाई आगामी वर्ष निरन्तरता दिईएको छ । कृषि सहकारी तालिम, सहकारी दिवश कार्यक्रम लगायतका कार्यक्रमहरुमा आगामी आ.व. मा रकम विनियोजन गरिएको छ । आगामी वर्ष महिला सहकारीको भवन निर्माण र कम्पाउण्डवाल निर्माणको लागि वजेट विनियोजन गरिएको छ । यस वर्ष सहकारी समन्वय मञ्च र जिल्ला वचत तथा ऋण सहकारी संस्था लि. मार्फत सहकारीको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने गरी रकम विनियोजन गरिएको छ । यसवाट गरिवी न्यूनिकरणमा सहकारीको भूमिका महत्वपूर्ण रहने विश्वास लिइएको छ । चालु आ.व.मा सरकार-सहकारी-निजीक्षेत्र र स्थानीय निकाय साझेदारी कार्यक्रमको लागि वजेट विनियोजन भैसकेको हुँदा सरोकारवाला निकायसंग छलफल गरी उपयुक्त स्थानको छनौट गरी आगामी आ.व.मा यस सम्वन्धी अन्य कार्य अगाडी वढाउनु पर्ने आवश्यकता देखिन्छ ।

**सुशासनः**

चालु आ.व.मा गैंडाकोट नगरपालिकामा स्थायी कर्मचारीको पदपूर्ती भैसकेको हुँदा नगरपालिका कार्यालय र दुईवटा संयुक्त वडा कार्यालयमा कार्यरत कर्मचारीहरु मार्फत नगरवासिलाई सेवा प्रदान गर्ने प्रयास गरिएको छ । चालु आ.व. देखि लागू गरिएको एकीकृत सम्पत्तीकर तीनै स्थानवाट संकलन गर्ने कार्य अगाडी वढाईएको छ । यस व्यवस्थावाट नगरवासीहरु न्यूनतम कार्यको लागि नगरपालिकाको कार्यालयमा सधै धाउनु पर्ने वाध्यतालाई अन्त्य गरिएको छ । वडा कार्यालय र कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रमको लागि आगामी वर्ष रकम विनियोजन गरिएको छ ।

सुशासन र सेवा प्रवाहमा पारदर्शिता र जनताप्रती जवाफदेहीता अभिवृद्धि गर्ने कार्यक्रम सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण, सार्वजनिक लेखा परीक्षण जस्ता महत्वपूर्ण कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिई नागरिकप्रति जवाफदेही हुने नीति अवलम्वन गरिने छ ।

**अन्य नीतिः**

- नगरपालिकामा रहेका सरोकारवाला निकायहरु जस्तै मध्यवर्ती उपभोक्ता समिति लगायतका संघसंस्था संग समन्वय गरी नगरपालिकाको विकासमा सहकार्य गरिने छ ।
- तोकिएको जिम्मेवारी राम्रोसंग सम्पादन गर्ने संघ, संस्था, उपभोक्ता समिति र कर्मचारीलाई सम्मान गर्ने नीति यस वर्षपनि निरन्तरता दिइएको छ ।
- नगरपालिकाले नेपाल पत्रकार महासंघ लगायत पत्रकारहरुका संघ संस्था, गैह्सरकारी संस्थाहरु र सञ्चारकर्मीसंग सहकार्य गर्ने नीतिलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।
- गैंडाकोट नगरपालिकामा रहेका चक्रपथलाई थप व्यवस्थित गरिनेछ र यससंग जोडिने सडक सञ्जाललाई कालोपत्रे गर्ने र ग्राभेल गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- आगामी वर्ष नगरपालिकामा वसपार्क र अन्तर्राष्ट्रिय खेलकूद मैदान निर्माण गर्ने कार्यलाई सम्वन्धित निकायको सहकार्य र समन्वयमा अगाडि वढाइनेछ ।
- नगरपालिकाको स्रोतवाट संभव नहुने योजनाहरुको लागि केन्द्रस्तर जिल्लास्तर, र संघसंस्थाहरुको लगानी लागत सहभागितामा सञ्चालित योजना एवम् सहयोगको लागि सम्वन्धित निकायहरुमा अनुरोध गरिने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । आगामि वर्षपनि निरन्तरता दिईनेछ ।

- नगर गुरु योजना र आवधिक योजना निर्माणको लागि आगामी वर्ष बजेट विनियोजन गरिएको छ ।

आदरणिय प्रमुख अतिथि ,बिशिष्ठ अतिथि अतिथी एबं अन्य महानुभाबहरु,

माथि उल्लेखित  नीति तथा योजना तर्जुमाका आधारमा आर्थिक बर्ष ०७४/७५ को लागि नगरपालिकाको बजेट तथा क्षेत्रगत कार्यक्रमको जानकारी गराउन चाहन्छु ।

आगामी आर्थिक बर्ष ०७४/०७५ का  लागि जम्मा रु २१ करोड ६७ लाख ८४ हजार मात्रको अनुमानित वजेट प्रस्तुत गरेको छु । जसमा आय तर्फ आन्तरिक श्रोतवाट प्राप्तहुने रकम र मौज्दात वाँकी रहने रकम समेतगरी रु. २ करोड ६१ लाख ५० हजार प्रस्ताव गरेको छु । यसैगरी राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम रु. १ करोड, नेपाल सरकारको शसर्त नगरपालिका अनुदानमा रु. ५ करोड ४३ लाख ५९ हजार, नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रममा रु १ करोड ६३ लाख ५५ हजार, वातावरण मैत्री स्थानीय शासन तर्फ रु. १ करोड ६४ लाख स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा रु. २५ लाख २० हजार र सामाजिक सुरक्षा अनुदानमा रु ८ करोड ८० लाख प्रस्ताव गरेको छु ।

उक्त रकममा चालु खर्चतर्फ रु २ करोड ३६ लाख ६० हजार मात्र विनियोजन गरिएको छ । उक्त रकम गत बर्ष सोही शिर्षकमा विनियोजन भएको रकम भन्दा २०.८५% प्रतिशतले वढी हुन आउछ। यसरी बढ्नुमा नगरपालिकाको स्विकृत दरवन्दीमध्ये रिक्त स्थानहरुमा स्थायी कर्मचारी पदपूर्ती गरिएकोले निजहरुलाई तलवभत्ता लगायतमा खर्च गर्नुपर्ने भएकोले चालु खर्चमा रकम बढ्न गएको छ ।

पुँजीगत खर्चतर्फ शिर्षकगत अनुदान तर्फको रकम वाहेक आ.व. ०७४/०७५ को लागि जम्मा रु. ६ करोड ९८ लाख ४९ हजार वजेट प्रस्ताव गरेको छु । यस अर्न्तगत नगरपालिकामा सञ्चालन हुने ठूला पूर्वाधारयुक्त योजनामा रु ९७ लाख विनियोजन गरेको छु । यसैगरी समपूरक कोषमा रु. ३० लाख प्रवर्धनात्मक कार्यक्रममा रु. २ करोड ६ लाख १५ हजार ८ सय ६, प्राविधिक परामर्श सेवामा रु. २० लाख ९५ हजार ४ सय ७० लक्षित समूहमध्ये वालवालिकाको लागि रु. ४२ लाख १६ हजार ८ सय १७, महिलाको लागि रु. २८ लाख ११ हजार २ सय ११, आदिवासी जनजातीको लागि रु. १० लाख ५४ हजार २ सय ४, दलितको लागि रु. १० लाँख ५४ हजार २ सय ४, अपाङ्गको लागि रु. १० लाख ५४ हजार २ सय ४ र जेष्ठ नागरिकको लागि रु. १० लाख ५४ हजार २ सय ४ वजेट विनियोजन गरेको छु । यसैगरी भौतिक पूर्वाधारमा रु. २ करोड ३१ लाँख ९२ हजार ८ सय ७७ को वजेट विनियोजन गरेको छु ।

आदरणिय प्रमुख अतिथि, विशिष्ठ अतिथि एबं अतिथिज्यूहरु

राजश्व नीतिमा गरिएको नीतिगत सुधार,करका दरहरु र प्रशासनिक सुधार बाट आगामी आ.ब.०७४/७५ मा  रु. २ करोड ३६ लाख ६० हजार राजश्व परिचालन हुने अनुमान गरिएको छ ।

अन्त्यमा,

यस नीति बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट गैंडाकोट नगरपालिकाको समाबेशी बिकास एबं सहभागितामूलक पद्धतिमा सहयोग पुगी नगरको  दिगो आर्थिक बृद्धि र बिकासद्धारा रोजगारी श्रृजना भई गरिबी न्यूनिकरणमा सहयोग पुगी समग्र गैडाकोटको समुन्नत बिकासको ढोका खुल्ने बिश्वास लिएको छु । चालु आ.ब.को बजेट कार्यान्वयनमा र आगामी आ.ब.को बजेट तर्जुमामा सहयोग, सल्लाह र सुझाब दिनु हुने माननीय सभासदज्यूहरु, जिल्ला बिकास समिति, नवलपरासी, राजनीतिक दलका पदाधिकारीज्यूहरु, गैह्र सरकारी संस्था, संचारकर्मी मित्रहरु ,नगरपालिकाका बिभिन्न समितिका संयोजक एबं सदस्यज्यूहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, नागरिक समाज शुभेच्छुक ब्यक्तिहरु नगरपालिका कार्यालयका मेरा सहकर्मी कर्मचारी मित्रहरु सबैलाई धन्यबाद दिदै प्रस्तुत बजेट कार्यक्रमको सफल कार्यान्वयनमा यहाहरु सबैको सहयोगको निरन्तर अपेक्षा गरेको छु ।

धन्यबाद । नमस्कार ।

प्रस्तुतकर्ता
श्रीकृष्ण नेपाल
प्रमुख एवम् कार्यकारी अधिकृत